# स्थानीय राजपत्र

**बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ६ संख्या : १ मिति : २०८०/३/२५**

**भाग–१**

CS CamScanner

# बोगटान फुड्सिल गाउँपालिकाको आर्थिक ऐन २०८०

**प्रस्तावना :**

बोगटान गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२, बमोजिम बोगटान गाउँ सभा सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि बोगटान गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. **सम्पत्ति कर : (१)** बोगटान फुड्सिल गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा १ बमेजिमको सम्पति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लगाईने छ।

३. **भुमि कर** (मालपोत) गाउंपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भुमीकर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

४. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावा पोखरी पूरै आंशिक तवरले वहालमादिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर** : गाउँपालिका.क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूजीगत लगानी र आर्थीक कारोवारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिने छ।

६. **जडिबुटी, कवाडी र जीव जन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडिबुटी, अदुवा, वेसार, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता गरिएका सवारी साधनमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाईने र असुलउपर गरिने छ। तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची

CamScanner

(८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१०. सेवा शुल्क, दस्तुर :** गाउँपालिकाले निर्माण संञ्चालन वा व्यवस्थापन गरेका अनुसुची (९) मा उल्लेखित स्थानीय पूर्वाधार उपलब्ध गराएको सेवामा सेवाग्रही बाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार र शुल्क लागाइने र असुलउपर गरिने छ।

**११. बिक्री कर :** गा.पा ले आफ्नो क्षेत्र भित्र रहेका सरकारी प्रति जग्गा, माटो, बन पैदावार, सार्वजनिक पोखरी, बगैचा, उत्पादन, दहत्तर बहत्तर आदी, अनुसुची (१०) मा उल्लेखित दरमा बिक्री कर लगाइने र अशुल उपर गरिने छ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१२. बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (११) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३.सामुदायिक वन बाट प्राप्त आय :** यस गाउँपालिका भित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गराई अनुसुची १२ मा उल्लेखित दरमा सामुदायिक वन उपभोक्ता समितिबाट वनपैदावारको विकि वापत प्राप्त हुने रकम असुल उपर गरिनेछ।

**१४. दण्ड जारिवाना :** यस ऐनको विभिन्न अनुसूचीमा तोकिएको दरमा तोकिउको समयावधीमा कर सेवा शुल्क, दस्तुर नतिर्ने करदाता( व्यक्ति, व्यवसायी, कम्पनी, संघसंस्था, आदि) लाई प्रति वर्ष १० प्रतिशतका दरले दण्ड जारीवाना थप गरी असुल उपर गरिनेछ।

**१५. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

**१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

CS CamScanner

बोगटान फुड्सिल गाउँपालिकाको आर्थिक ऐन २०८०

## अनुसूची १
(ऐनको दफा (२) सँग सम्बन्धित सम्पति कर)

| क.स. | विवरण | करको दर रु |
|---|---|---|
| १ | छाप्रो, फुसको छाना भएको कच्ची घर प्रति वर्ष | १०० |
| २ | टिन, स्लेट ढुंगाको छाना भएको घर प्रति वर्ष | ३०० |
| ३ | RCC घर ५ कोठा सम्मको | ५०० |
| ४ | RCC घर १० कोठा सम्मको | १००० |
| ५ | RCC घर १० कोठा भन्दा माथि | ३००० |

## अनुसूची २
ऐनको दफा (३) सग सम्बन्धित
भुमिकर (मालपोत) दर

| क्र.स. | मलपोत वा भुमिकर | दर रु |
|---|---|---|
| १. | न्युनतम ५ रोपनी सम्म | ५० |
| २. | पाँच रोपनी भन्दा माथि तिस रोपनी सम्म | प्रति रोपनी २० |
| ३. | तिस रोपनी भन्दा माथि | प्रति रोपनी २५ |

## अनुसूची ३
ऐनको दफा (४) सग सम्बन्धित
**घर जग्गा बहाल कर**

| क्र.स. | विवरण | दर रु |
|---|---|---|
| १. | सम्झौता तथा भूक्तानी रकमको | १० प्रतिशत |

## अनुसूची ४
(व्यवसाय कर ऐनको दफा (५) संग सम्वन्धित)
व्यवसाय कर दर

| क्र. सं. | व्यवसायको विवरण | व्यावसाय कर | |
|---|---|---|---|
| | | दर्ता | नविकरण |
| १. | चिया नास्ता तथा सामान्य किराना पसल | १००० | ५०० |
| २. | रेष्टुरेन्ट होटल | २००० | १००० |
| ३ | तयारी पोषाक तथा काचो कपडा पसल | २५०० | १००० |

गाउँ कार्यपालिकाको कार्यालय
नवराजनगर, बोटी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७३

CamScanner

बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डुवाघाटार, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

| | | | |
|---|---|---|---|
| ४ | स्टेशनरी तथा खेलकुद सामग्री पसल | १००० | ५०० |
| ५. | मासु पसल | १००० | ५०० |
| ६ | कपाल काट्ने शैलुन तथा कस्मेटिक पसल | १००० | ५०० |
| ७ | विउटी पार्लर | २००० | १००० |
| ८ | निर्माण सामग्री पसल | २५०० | १००० |
| ९ | भाडा पसल | २५०० | १००० |
| १० | सवारी साधन वर्क सप | २००० | १००० |
| ११ | सामान्य औषधी पसल | २००० | १००० |
| १२ | ल्याव सहितको औषधी पसल | ३००० | २००० |
| १३ | सुन चाँदी पसल | २५०० | १००० |
| १४ | मदिरा तथा सुर्तिजन्य पसल | ५००० | २५०० |
| १५ | टेलरिङ पसल | १००० | ५०० |
| १६ | फर्निभर उद्योग तथा पसल | २५०० | १००० |
| १७ | लघु जलविद्युत आयोजना प्रति किलोवाट | २००० | १००० |
| १८ | कुटानी पिसानी पेलानी मिल | १००० | ५०० |
| १९ | क्रसर उद्योग | २०००० | ५००० |
| २० | सहकारी संस्था | १००० | ५०० |
| २१ | कृषि तथा पशुपन्छी फर्म | १००० | ५०० |
| २२ | कृषि तथा पशुपन्छी समुह | १००० | ५०० |
| २३ | टेलिफोन नेटवर्क टावरको वार्षिक कर | | ५००० |
| २४ | सहकारी संस्थाको वार्षिक कर | ५००० | २००० |
| २१ | र्याफ्टिङ्ग वार्षिक कर | | ५००० |
| २२ | बैंक तथा वितिय संस्था वार्षिक कर (क)वर्ग | | १०००० |
| २३ | बैंक तथा वितिय संस्था वार्षिक कर (ख)वर्ग | | ८००० |
| २४ | बैंक तथा वितिय संस्था वार्षिक कर (ग)वर्ग | | ७००० |
| २५ | बैंक तथा वितिय संस्था वार्षिक कर (घ)वर्ग | | ५००० |
| २६ | लघु वित्त वितिय संस्था वार्षिक कर | | ३००० |
| २७ | पशु औषधि पसल | १००० | ५०० |

CS CamScanner

| | | | |
|---|---|---|---|
| २८ | रङ्गरोगन तथा इलेक्ट्रीक | २००० | १००० |
| २९ | निर्माण व्यवसाय फर्म | १०००० | ५००० |
| ३० | तरकारी पसल | १००० | ५०० |
| ३१ | नर्सरी र फलफुल विरुवा बिक्री पसल | १००० | ५०० |
| ३२ | कन्सल्टेन्सी फर्म | ५००० | २५०० |
| ३३ | सिलाइ बुनाइ कटिङ्ग पेन्टीङ प्रक्षिण | १००० | ५०० |
| ३४ | रेमिटेन्स | २००० | १००० |
| ३५ | ट्राभल एण्ड टुर्स प्रा.लि | २५०० | १५०० |
| ३६ | कम्प्युटर इन्चियुट | १५०० | १००० |
| ३७ | कम्प्युटर मोवाइल मर्मत केन्द्र | १५०० | १००० |
| ३८ | सिरक डसिना सलिाई उद्योग | १५०० | १००० |
| ३९ | माछा पालन व्यवसाय | १००० | ५०० |
| ४० | भिर मह काड्ने बार्षिक भिर | १००० | ५०० |
| ४१ | खुद्रा सामान गाडीबाट घुमायर बेच्नेलाइ प्रति पटक | २० | |
| ४२ | खाद्यान्न सामान गाडिबाट घुमायर बेच्नेलाइ प्रति पटक | २० | |
| ४४ | आलु तरकारी सामानगाडिबाट घुमायर बेच्नेलाइ प्रति पटक | १० | |
| ४५ | पोका झोला सामान गाडिबाट घुमायर बेच्नेलाइ प्रति पटक | १० | |

नोट: वर्ष भरि काम नगर्न निर्माण व्यवसायी ग र घ को लागी ५००० र ३००० व्यवसाय कर लिइने छ।

## अनुसूची ५

( जडिवुटी कवाडी, कृषिजन्य उपज र जिवजन्तु कर ऐनको दफा (६) संग सम्वन्धित)

जडिवुटी कवाडी र जिवजन्तु कर दर

| क्र.स. | जडिवुटी कवाडी र जिवजन्तु कर | दर रू. |
|---|---|---|
| १ | खोटो, रिठा, काउलो, तेजपत्ता सलुन लगाएतका कृषिजन्य उपज प्रतिकेजी | १ |
| २ | टिमुर, सुन्तला प्रतिकेजी | २ |
| ३ | मह प्रतिकेजी | ५ |
| ४ | अन्य कृषिजन्य उपज प्रति केजी | १ |
| ५ | कवाडी प्रति क्वीन्टल | १०० |
| ६ | निषेधित बाहेकका वन्यजन्तु | मुल्यको १० प्रतिशत |
| ७ | मृत जनावर तथा जिवजन्तुको हाड प्रति क्विन्टल | २०० |
| ८ | मृत जनावर तथा जिवजन्तुको सिङ प्रति क्विन्टल | २०० |
| ९ | मृत जनावर तथा जिवजन्तुको प्वाक प्रति क्विन्टल | १०० |
| १० | मृत जनावर जिवजन्तुको छाला वर्गफुट | १०० |

CamScanner

बोगटान फुड्सिल गाउँपालिकाको आर्थिक ऐन २०८०

अनुसूची ६
( सवारी साधन कर ऐनको दफा (६) संग सम्वन्धित)
सवारी साधन कर दर

| क्र.स | सवारी साधन कर | दर |
|---|---|---|
| १ | रिक्सा, अटो रिक्सा, ई रिक्सा को दर्ता शुल्क | ५००० |
| २ | रिक्सा, अटो रिक्सा, ई रिक्सा को नामसारी शुल्क | ३००० |
| ३ | रिक्सा, अटो रिक्सा, ई रिक्सा को नविकरण शुल्क | २००० |
| ४ | रिक्सा, अटो रिक्सा, ई रिक्सा को बाटो इजाजत दस्तुर | ५०० |
| ५ | रिक्सा, अटो रिक्सा, ई रिक्सा को अन्य सेवा शुल्क तथा कर सम्बन्धी व्यवस्था | सवारी साधन संचालन मापदण्ड बमोजिम हुने |

अनुसूची ७
( विज्ञापन कर ऐनको दफा (८) संग सम्वन्धित)
विज्ञान कर दर

| क्र.स. | विज्ञानपन कर | दर रू |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, होडिङ बोर्ड २५ वर्गफूट भन्दा माथि | १००० |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, होडिङ बोर्ड २५ वर्गफूट भन्दा सम्म | ७०० |
| ३ | तूल व्यानर एक हप्ता सम्म | १०० |
| ४ | तूल व्यानरएक हप्ता भन्दा बढी एक महिना सम्म | २०० |
| ५ | पोल व्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म | २०० |

अनुसूची ८
(पार्किङ शुल्क दफा (९) संग सम्वन्धित)
पार्किङ शुल्क दर

| क्र.स. | पार्किङ शुल्क | दर |
|---|---|---|
| १. | ठुला सवारी साधन प्रतिदिन | ८० |
| २. | साना सवारी साधन | ५० |
| ३ | मोटरसाइकल प्रतिदिन | २० |
| ४ | लोडर, हेभि इक्वीप्मेन्ट प्रतिदिन | १०० |

CamScanner

बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बगथला, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७४

## अनुसूची ९
### (सेवा शल्क दस्तुर दफा (१०) संग सम्बन्धित)
### सेवा शल्क दस्तुर

| क्र.स. | सेवा शुल्क दस्तुर | दर |
|---|---|---|
| क. | सिफारिस | |
| १ | घरजग्गा नामसारी सिफारिस दस्तुर | |
| | अंशवण्डा प्रयोजन | ३०० |
| | बिक्री प्रयोजन | ५०० |
| २ | घर कायम सिफारिस | ५०० |
| ३ | जग्गा दर्ता सिफारिस | १००० |
| ४ | नि:शुल्क र सशुल्क स्वास्थ्य उपचार सिफारिस | ५० |
| ५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ५०० |
| ६ | कोठा खोल्न रोहबरमा बस्ने कार्य | ५०० |
| ७ | छात्रबृति सिपारिस | २०० |
| ८ | विपन्न विध्यार्थी छात्रबृति सिफारीस | ५० |
| ९ | अपांगता सम्बन्धी सिफारिसहरु | नि:शुल्क |
| १० | बसोवास | |
| | अस्थायी र स्थायी वसोवास सिफारीस | ५०० |
| | आन्तरिक वसाईसराई सिफारिस | ५०० |
| ११ | नागरिकता | |
| | वंसजको आधारमा नागरिकता सिफारिस | १०० |
| | नागरिकता प्रतिलिपि सिफारिस | ५०० |
| | अंगिकृत नागरिकता सिफारिस | ५००० |
| | नाबालक परिचयपत्र सिफारिस दस्तुर | २०० |
| | नागरिकता संशोधन सिफारिस | ३०० |
| १२ | विद्युतीय धारा जडान सिफारिस | ३०० |
| १३ | व्यक्तिगत सिफारिस | |
| | जीवित रहेको सिफारीस दस्तुर | २०० |
| | नाम थर जन्म मिति संशोधन सिफारिस दस्तुर | ५०० |

CamScanner

| | | |
|---|---|---|
| | जग्गा धनी प्रमाण पुर्जा हराएको सिफारिस | ५०० |
| | संगोल प्रमाणित | २०० |
| १४ | **व्यवसायी सम्बन्धी** | |
| | व्यवसाय बन्द सिफारिस | १००० |
| | वडाबाट व्यवसाय दर्ता सिफारीस | ५०० |
| १५ | **विद्यालय सम्बन्धी** | |
| | कक्षा बृद्धि सिफारीस दस्तुर | २००० |
| | संस्थागत विध्यालय कक्षा बृद्धि सिफारीस दस्तुर | ५००० |
| | पुर्व प्राथमिक विध्यालय खोल्ने सिफारीस दस्तुर | ५००० |
| | संस्थागत पुर्व प्राथमिक विध्यालय खोल्ने सिफारीस दस्तुर | १०००० |
| | व्यक्तिगत विवरण सिफारिस | ५०० |
| | संरक्षक सिफारिस व्यक्तिगत | ५०० |
| | संस्थागत संरक्षक सिफरीस दस्तुर | १००० |
| | विध्यालय ठाउँसारी सिफारिस | ५००० |
| १६ | **अन्य सिफारिस दस्तुर** | |
| | आर्थिक अवस्था कमजोर सिफारिस | १०० |
| | क्लब, आमा समुह बाल क्लब दर्ता सिफारिस दस्तुर | ५०० |
| | अदालत शुल्क मिनाहा सिफारिस दस्तुर | ३०० |
| | उद्योग व्यापार ठाउँसारी सिफारिस दस्तुर | १००० |
| | राजश्व बुझाएको रशिदको प्रतिलिपि | ५० |
| | अंग्रजी भाषामा सिफारिस र प्रमाणित | ५०० |
| | रोहवर बसी कागज बनाएको | ५०० |
| | परामर्श सेवा दर्ता सिफारिस | २००० |
| | बोर्डिङ स्कुल स्थापना अनुमति सफिारिस | १०००० |
| | बोर्डिङ स्कुल ठाउँसारी सिफारिस दस्तुर | १०००० |
| | बोर्डिङ स्कुल कक्षा थप सिफारिस दस्तुर | ५००० |

CamScanner

| | | |
|---|---|---|
| | विद्युत जडान आर. सि.सि. पक्की घर सिफारिस दस्तुर | ५०० |
| | सामाजिक सरक्षासंग सम्बन्धीत सिफारिसहरु | नि:शुल्क |
| १७ | नाता प्रमाणित | |
| | नेपालीमा | २०० |
| | अंग्रेजीमा | ५०० |
| १८ | घरबाटो प्रमाणित | ५०० |
| १९ | जन्म, विवाह, अविवाहित र मृत्यु सम्बन्धी प्रमाणित | २०० |
| २० | घर पाताल प्रमाणित | ५०० |
| २१ | फरक फरक नामथर वा जन्म मिति प्रमाणित | ५०० |
| २२ | मञ्जुरीनामा प्रमाणित र मिलापत्र कागज गराउने | १००० |
| २३ | संरक्षक प्रमाणित | ५०० |
| २४ | हकदार प्रमाणित | १००० |
| २५ | चारकिल्ला प्रमाणित | ५०० |
| २६ | जग्गाको रेखाङ्कन दस्तुर प्रतिकित्ता (अमिन सेवा) | १५०० |
| २७ | व्यक्तिगत घटनादर्ता दस्तुर | ५००० |
| | जन्म, मृत्यु, वासाइसराई, विवाह, सम्बन्ध विच्छेदन दर्ता(३५ दिन पछिको) | २०० |
| | जन्म, मृत्यु, वासाइसराई, विवाह, सम्बन्ध विच्छेदन प्रमाणपत्रको प्रतिलिपि | ५०० |
| | जन्म, मृत्यु, वासाइसराई, विवाह, सम्बन्ध विच्छेदन अभिलेख दर्ता किताबमा हेरेको | २०० |
| २८ | अन्य दस्तुर | २०० |
| २९ | नयाँ घर नक्सा पास दस्तुर | |
| | सडक मार्ग आसपास | ५ प्रतिवर्ग फिट |
| | सडक मार्ग बहेक | २ प्रतिवर्ग फिट |
| ३० | पक्की घर अभिलेखिकरण दस्तुर (ढलान, आर.सि.सि.) | |
| | पहिलो तल्ला | २ प्रतिवर्ग फिट |
| | दोस्रो तल्ला | १ प्रतिवर्ग फिट |
| | तेस्रो तल्ला | ०.५० प्रतिवर्ग फिट |
| ३१ | कच्ची घर अभिलेखिकरण दस्तुर | |
| | पहिलो तल्ला | १ प्रतिवर्ग फिट |
| | दोस्रो तल्ला | ०.५ प्रतिवर्ग फिट |
| | तेस्रो तल्ला | ०.२५ प्रतिवर्ग फिट |
| ३२ | सर्जमिन मुचुल्का दस्तुर | १००० |

CamScanner

| | | |
|---|---|---|
| ३३ | आयश्रोत र घरजग्गा मुल्याङ्कन प्रमाणित सिफारिस | |
| | रु १ लाख देखि ५ लाख सम्म | १००० |
| | ५ देखि १० लाख सम्म | २००० |
| | १० देखि २० लाख सम्म | ३००० |
| | २० देखि ५० लाख सम्म | ५००० |
| | ५० देखि १ करोड सम्म | ८००० |
| | १ करोड देखि माथि | १०००० |
| ३४ | स्थानीय पुर्वाधार , योजना सम्झौता र पेश्की, र अन्तिम भूक्तानी सिफारिस | |
| | रु १ लाखसम्म | २०० |
| | रु ३ लाख सम्म | ४०० |
| | रु ५ लाख सम्म | ६०० |
| | रु १० लाख सम्म | १००० |
| | रु २० लाख सम्म | १५०० |
| | रु ५० लाखसम्म | २५०० |
| | रु १ करोड सम्म | ५००० |
| | रु १ करोड भन्दा माथि | १०००० |
| ३५ | घ वर्गको इजाजत पत्र | |
| | इजाजत पत्र दस्तुर | २०००० |
| | इजाजत पत्र नामसारी | ५००० |
| | इजाजत पत्र नविकरण असोज मसान्तसम्म | ३००० |
| | इजाजत पत्र नविकरण असोज मसान्त पछि | ५००० |
| | इजाजत पत्रको प्रतिलिपि | २००० |
| ३६ | विद्युतीय उपकरण भाडा | |
| | प्रोजेक्टर भाडा प्रतिदिन | ५०० |
| ३७ | सभाहल भाडा प्रतिदिन | १००० |
| ३८ | खानेपानी मुहान दर्ता | |
| | खानृपानी, घरेलु उपयोग कृषि उपयोग | १००० |
| | सिचाई | १५०० |
| | औद्योगिक व्यवसाय  तथा खानीजन्य उपयोग | २५०० |

CamScanner

| | | |
|---|---|---|
| | जल यातायात | ५००० |
| | अन्य उपयोग | १५०० |
| ३९ | न्यायिक दस्तुर | |
| | उजुरी दर्ता | ५० |
| | समान्य मिलापत्र | ५०० |
| | आर्थिक मिलापत्र रु ५ लाख सम्मको | १००० |
| | आर्थिक मिलापत्र रु १० लाख सम्मको | २००० |
| | आर्थिक मिलापत्र रु १० लाख भन्दा माथिको | ४००० |

**अनुसुची १०**
**ऐनको दफा (११) संग सम्वन्धीत**
**खानी तथा खनिज वस्तु बिक्री सम्बन्धीत**

| क.सं. | विवरण | कायम दर |
|---|---|---|
| १ | ढुङ्गा, गिट्टि, वालुवा, भरान र ग्रावेल प्रति टिप्पर | २००० |
| | ढुङ्गा, गिट्टि, वालुवा भरान र ग्रावेल प्रति टेक्टर | ८५० |
| | ढुङ्गा, गिट्टि, वालुवा भरान र ग्रावेल प्रति घन फिट | ४ |
| | कटिङ ढुङ्गा प्रति घन फिट | ३ |

अनुसूची ११
(सेवा शल्क दस्तुर दफा (१२) संग सम्वन्धित)
वहाल विटौरी कर संग सम्बन्धित

| क.सं. | विवरण | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | अस्थायी पसल, मेलामा पसल थापे वापत | ५०० | |
| २ | सार्वजनिक स्थल वहाल कर प्रति वर्ग मि.मासिक | १० | |
| ३ | ऐलानी जग्गा बहाल प्रति वर्ग मि.मासिक | ८ | |
| ४ | बाटो छेउमा भएका छाप्रा, पसल, अस्थायी पसल वहाल कर मासिक | २०० | |

CamScanner

## अनुसुची १२
## ऐनको दफा (१३) संग सम्वन्धीत
## सामुदायिक वनबाट आय प्राप्त गर्ने संग सम्बन्धीत

| क.सं. | विवरण | कायम दर | कैफियत |
|---|---|---|---|
| १ | वन पैदावार विक्रि वापत कुल आय रकमको | १० प्रतिशत | |

## अनुसुची १३
## ऐनको दफा (१४) संग सम्वन्धीत
## विकि कर
## सेवा शुल्क दण्ड दस्तुर जारीवाना

| क | स्थानीय पुर्वाधार को दण्ड जारीवाना शुल्क(लागत अनुमान अनुसार योजनाको समयावधी थप वापत) | कायम दर रु | कैफियत |
|---|---|---|---|
| १ | रु १ लाख सम्म | ५०० | |
| २ | रु ५ लाख सम्म | १००० | |
| ३ | रु १० लाख सम्म | २००० | |
| ४ | रु २० लाख सम्म | ५००० | |
| ५ | रु ५० लाख सम्म | १०००० | |
| ६ | रु ५० लख भन्दा माथि | १५००० | |
| ख | शिक्षा शाखा | | |
| | प्रशासनिक दण्ड जारिवाना र जफत | ५००० | |
| ग | अवैध रुपमा, अनुमति विना नदि तथा नदिजन्य पदार्थ उत्खनन्मा सवारी साधन प्रयोग वापत( सुदुरपश्चिम प्रदेशको आर्थिक ऐन अनुसार) | | |
| १ | ट्राक्टर | १५००० | |
| | मिनि ट्रक | २०००० | |
| | टिप्पर वा ट्रक | ३०००० | |
| | मेसिन स्काभेटर र व्याक लोडर | ५०००० | |

प्रमाणित गर्ने
कमल बहादुर गडसिला
गा.पा. अध्यक्ष

CamScanner